
# जोशीको 'श्रमाटन'

■ सौर्य समाचार




ललितपुर । लेखक बिएन जोशीद्वारा लिखित पुस्तक 'श्रमाटन' सार्वजनिक भएको छ । पुस्तकको सञ्चारकर्मी राजकुमार बानियाँ, निबन्धकार कुमारी लामा, लेखक मालिका केशरी, कवि लक्ष्मी रुम्बा, लेखक आन्विका गिरी, प्रकाशक मणि शर्मा, शुभ मल्ल, जगदीश भेटुवाल, भुवन बरालसहित लेखक स्वयंले सार्वजनिक गरेका हुन् । ललितपुरको होटल ग्रिनविच भिलेज एक कार्यक्रमका बीच सार्वजनिक गरिएको पुस्तकमा विदेशिने क्रममा भोगेका पीडालाई उल्लेख गरिएको छ । जोशी कलिलै उमेरमा आर्थिक क्रान्तिमा लाग्ने क्रममा पाएका दुःखलाई पुस्तकमा समेटिएको छ । आफ्नो पारिवारिक निर्णयविपरीत मलाया लाहुरे हुँदाको कथासँगै समग्र विदेशिएका युवाको जीवनगाथालाई कलात्मक रुपमा उतारिएको छ ।

कार्यक्रममा सञ्चारकर्मी बानियाँले ९० को दशकदेखि अहिलेसम्म वैदेशिक रोजगारीमा जानेक्रममा सबै नेपालीले भोगेको साझा पीडाको प्रतिनिधित्व 'श्रमाटन' आएको जनाए । उनले यस्तो प्रतिनिधिमूलक पुस्तकलाई लामो समयसम्म प्रकाशकहरुले होडबाजीमा अलमलमा राखेर अन्तिममा साग्रिलाले बजारमा ल्याएकोप्रति गर्व गरे ।

यसैगरी समीक्षक तथा निबन्धकार लामाले रोजगारीको क्रममा पीडा भोगेका भुइँमान्छेको यथार्थलाई पुस्तकले प्रतिनिधित्व गरेको विचार व्यक्त गरिन् । यसैगरी साग्रिला प्रकाशनका मणि शर्माले यसरी वृतान्तसहितको पुस्तक व्यापक नआएको बेलामा जोशीको 'श्रमाटन' प्रकाशन गर्न पाउँदा आभार प्रकट गरे ।

लेखक जोशीका यसअघि निरर्थक (२०६१) र मोडर्न बेली (२०७३) गरी दुई पुस्तक प्रकाशित छन् । साविक छाङ गाविस मनोहरी हाल म्याग्दे गाउँपालिका तनहुँ निवासी जोशीले २ सय १४ पृष्ठ पुस्तकलाई दुई खण्डमा बाँडेका छन् ।

# लघुकथा सम्मेलन

■ सौर्य समाचार




काठमाडौं । भर्चुअल माध्यमबाट नेपाल-भारत लघुकथा सम्मेलन सम्पन्न भएको छ । लघुकथा समाज, नेपालको आयोजनामा शनिबार गरिएको सम्मेलनको उद्घाटन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले नेपाल-भारत सम्बन्ध भावनात्मक सम्बन्ध भएको विचार व्यक्त गरे । सो अवसरमा उनले प्रज्ञा प्रतिष्ठान एवं भारतको साहित्यएकेडेमीकोसहकार्यमा भएका अनेक कार्यको समेत चर्चा गरे । कुलपति उप्रेतीले भने, 'लघुकथा समाजद्वारा आयोजित यस कार्यक्रमले नेपाल भारतबीचमा साहित्यिक-सांस्कृतिक सम्बन्ध अरु प्रगाढ बनाउने विश्वास लिएको छु ।'

नेपाल-भारत लघुकथा सम्मेलनका संयोजक डा. पुष्करराज भट्टले दुई देशका लघुकथाका क्षेत्रमा गरिएका विविध कार्यका बारेमा परिचर्चा गरे । उनले सम्मेलनमा सहभागी लघुकथाकारहरूको संक्षिप्त परिचयसमेत प्रस्तुत गरेका थिए । भारतका तर्फबाट सहभागी लघुकथाकार डा. सत्यवीर मानवले भारतमा लघुकथाको विकासका लागि भएका कार्यको चर्चा गरे । कार्यक्रमका विशिष्ट अतिथि डा. रामनिवास मानवले नेपाल-भारत लघुकथाको क्षेत्रमा भएका कार्यको चर्चाका साथै मनुमुक्त मानव मेमोरियल ट्रष्टद्वारा अन्तर्राष्टिय स्तरमा गरिएका कार्यको जानकारी दिए ।

सम्मेलनको प्रारम्भमा समारोहका अध्यक्ष एवं लघुकथा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदनले समाजको स्थापनाको बाह्र वर्षमा भएका कार्यका बारेमा जानकारी दिए । उनले लघुकथा गोष्ठी, प्रशिक्षण, अध्ययन-अनुसन्धान, पुरस्कार वितरणका क्षेत्रमा गरिएका कार्यको चर्चा गर्दै यसको प्रभावकारिता बढ्दै गएको जिकिर गरे । लघुकथा सम्मेलनमा भारतका तर्फबाट डा. रामनिवास मानव, डा. सत्यवीर मानव (समीक्षक), डा. हुँदराज बलवाणी, डा. सन्ध्या तिवारी, राकेश भ्रमर, सागर सूद सञ्जय, प्रबोधकुमार गोविल, डा. योगेन्द्रनाथ शुक्ल, भगवतीप्रसाद द्विवेदी, डा. जीतेन्द्र भारद्वाज सहभागी थिए । त्यस्तै, नेपालबाट लघुकथा वाचन गर्ने लघुकथाकारमा प्रा.डा. कपिल लामिछाने, सरुभक्त, अशेष मल्ल, नवराज रिजाल, हरिप्रसाद भण्डारी, ध्रुव मधिकर्मी, सुमन सौरभ, कृष्ण बजगाईं, सुषमा मानन्धर एवं सिन्धु गौतम रहेका थिए ।

# ढकालको 'लजालु पहाडहरू' बजारमा




■ सौर्य समाचार

बाँके । साहित्यकार अमृत शर्मा ढकालद्वारा लिखित गीतकृति 'लजालु पहाडहरू' बजारमा आएको छ । नेपालगञ्जमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्य सचिव एवं कथाकार सनत रेग्मी, अग्रज सायर अब्दुल लतिफ शौक, प्राज्ञ हरिप्रसाद तिमिल्सेना, लोकगायक कमल बिक निर्मोही, साहित्यकार भोजराज शर्मा 'नादिर' लगायतले उक्त कृतिको संयुक्त रुपमा विमोचन गरे ।

कार्यक्रममा कथाकार रेग्मीले ढकालका गीत संरचनाका हिसाबले संगीतकार र गायकलाई नै चुनौती दिने प्रकृतिका रहेको जिकिर गरे । गीत आफ्नो प्रिय विधा भएको बताउँदै कृतिकार ढकालले साहित्य सिर्जनाको सुरुवात् गीत लेखनबाटै गरेको सुनाए । दुई दशकदेखि गीत, कविता, गजल र समालोचना विधामा कलम चलाउँदै आएका ढकालको ' लजालु पहाड' पहिलो पुस्तक हो ।

६७ वटा गीत संग्रहित पुस्तकमाथि टिप्पणी गर्दै साहित्यकार नादिरले ढकालमा गोपाल योञ्जन र गुल्जारको जत्तिकै स्तरीय गीत लेखन क्षमता रहेको जिकिर गरे । उनले भने, 'जसले जिन्दगीको लक्षित उचाइमा पुगेर पनि विश्रान्ति पाएको छैन, आनन्द पाएको छैन, जसलाई चौतारीमा बिसाएर मस्तसँग हावा चलोस्, पातहरु सुसाएको जस्तो कल्पनाको आनन्द जसले चाहेको छ, उसले यो किताब पढ्नु पर्छ ।'

उनले कृतिमा रहेका केही गीत पहिलो पढाईमा दुर्बोध्यजस्तो लागे पनि तीनको वजन थाहा पाउनेबित्तिकै फरक अनुभूत हुने विचार व्यक्त गरे । युरेका प्रकाशनले बजारमा ल्याएको यो गीत संग्रहको मूल्य २५० रुपैयाँ रहेको छ ।

# छायांकनमा 'कृष्ण-लीला'

■ सौर्य समाचार



काठमाडौं । चलचित्र 'कृष्ण-लीला' को शुक्रबारबाट छायांकन सुरु गरिएको छ । दसैंअघि नै निर्माण घोषणा गरिएको पूर्वी नेपालको झापाबाट सुटिङ थालिएको चलचित्रको युनिट अहिले इलाम पुगेको छ । दीपक ओलीको निर्देशन र लक्ष्मण सुवेदीको लेखन रहेको चलचित्रको सुटिङ 'कुनै दिन यस्तो पनि जिन्दगानी' बोलको रोमान्टिक गीतबाट सुरु भएको कार्यकारी निर्माता रत्न श्रेष्ठले जानकारी दिए ।

गीतमा अभिनेता पुष्प खड्का र अभिनेत्री श्रद्धा श्रेत्री रोमान्टिक मुडमा प्रस्तुत भएका छन् । गायिका अञ्जु पन्त र गायक सुगम पोखरेलको आवाज रहेको उक्त गीतमा अर्जुन पोखरेलले संगीत भरेका छन् । गीतको कोरियोग्राफी रामजी लामिछान तथा बाबु श्रेष्ठको छायांकन रहेको छ ।

आरआर फिल्मस्को ब्यानरमा रोहित कट्टेलको प्रस्तुति तथा रत्न श्रेष्ठ कार्यकारी निर्माता रहेको 'कृष्ण-लीला' मा पुष्प खड्का, श्रद्धा क्षेत्री, बुद्धि तामाङ, रविन्द्र झा, नवीन रेग्मी, हिउँवाला गौतम, भावना गुरुङ, आयुष गुरागाई लगायतका कलाकारको मुख्य भूमिका रहेको निर्माण पक्षले जनाएको छ । प्रकाश कार्की र केवल तामाङ निर्माता रहेको चलचित्रको कोशी नदी किनारमा सेट लगाएर सुटिङ आरम्भ गरिएको थियो भने युनिट हाल इलामको पानीटार पुगेको छ । त्यहाँ गीतको छायांकन सम्पन्न गरेर दृश्य खिच्न थालिने जानकारी निर्देशक वलीले दिए । चलचित्रको सम्पूर्ण छायांकन पूर्वी नेपालमै सक्ने गरी काम भइरहेको निर्माण पक्षले जनाएको छ ।

# स्रष्टा पुरस्कृत

■ सौर्य समाचार

सप्तरी । मैथिली महाकवि विद्यापतिको स्मृति दिवसको अवसरमा पाँच जना व्यक्तित्वलाई पुरस्कृत गरिएको छ । मैथिली भाषा, साहित्य, कला, संस्कृति र पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका पाँच जनालाई पुरस्कृत गरिएको हो ।

मैथिली भवनमा आयोजित कार्यक्रममा सात हजार ५ सय१ राशिको शिवदत्त मिश्र स्मृति पुरस्कार इतिहासविद् एवं लेखक प्रा डा पीताम्बरलाल यादवलाई प्रदान गरिएको छ । विवेका लक्ष्मी मैथिली पत्रकारिता पुरस्कार साहित्यकार एवं मिथिला साप्ताहिकका सम्पादक देवेन्द्र मिश्रलाई प्रदान गरिएको छ । पुरस्कारको राशि पाँच हजार पाँच रहेको छ ।त्यस्तै, पाँच हजार पाँच राशिको शोभा देव स्मृति मैथिली पुरस्कार मैथिली भाषाका कवि पुनम ठाकुरलाई प्रदान गरिएको छ । विजयेन्द्र विनोद कला संस्कृति पुरस्कार गायिका सुनिता साह र कञ्चन झालाई प्रदान गरिएको छ ।

# ऐतिहासिक चलचित्र 'नालापानी'
## विशेष चलचित्र घोषणा गर्न माग

■ सौर्य समाचार

काठमाडौं । नेपालको ऐतिहासिक विषयमा केन्द्रित रही निर्माण गरिएको चलचित्र 'नालापानी' लाई विशेष चलचित्र घोषणा गर्न माग गरिएको छ । सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा अंग्रेज-नेपालबीच भएको युद्धमा नेपाली फौजको बहादुरी र राष्ट्रियतालाई चलचित्रमा उधिनिएको छ। सो युद्धमा नेपालको तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईलाई कथा बनाएर चलचित्र 'नालापानी' बनाइएको निर्माण पक्षले दावी गरेको छ । यसलाई विशेष चलचित्र घोषणा गरी आर्थिक सहयोग उपलब्ध गराउन चलचित्रसँग सम्बन्धित विभिन्न ६ वटा संघ-संस्थाले सरकारसँग अनुरोधसमेत गरेका छन् । जसमा चलचित्र विकास बोर्ड, चलचित्र कलाकार संघ, चलचित्र निर्देशक समाज, चलचित्र निर्माता संघ, चलचित्र प्राविधिक संघ लगायत रहेका छन् ।

चलचित्र विकास बोर्डमार्फत सबैको सहभागितामा एक पत्र लेख्दै निर्माण पक्षले चलचित्र ऐतिहासिक नालापानीको युद्धको कथावस्तुमा केन्द्रित रहेको जनाएको छ । जसमा राष्ट्रिय गौरव, राष्ट्रप्रेम तथा देशभक्तिको विषयलाई उठान गरिएको जनाइएको छ । साथै यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार तथा प्रवर्द्धनमा सहयोगको आग्रह गर्दै विशेष चलचित्र घोषणा गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई अनुरोध गरिएको छ । चलचित्रका निर्माता तथा निर्देशक रिमेश अधिकारीले बोर्ड सहित ६ वटा संस्थाले सहयोगका लागि गरेको आग्रह पत्र सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ भेटेरै बुझाएका छन् । मन्त्री मन्त्री गुरुङले पत्र बुझ्दै राष्ट्रिय गौरवको कथामा 'नालापानी' बनेको खुसी व्यक्त गर्दै मन्त्रालयबाट हुने सहयोग उपलब्ध हुने बताएका छन् । रिमेश अधिकारी फिल्म प्रोडक्सनको प्रस्तुति रहेको यो चलचित्र बिजिबी इन्टरटेनमेन्ट र गंगानारायण फिल्मस्ले मिलेर बनाएको छन् । चलचित्रमा सन्तोष पन्त, अर्जुनजंग शाही, देशभक्त खनाल, मनोज शाक्य, विशाल पहारी, विजय बिष्फोट, जनक बर्तौला, विशाल श्रेष्ठ, युगजंग कार्की, सहिना भट्टराई, पुजना प्रधान, गीता अधिकारी, महावीर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, गीत विष्ट, सिमन खड्का, सुशील खडका (डेभिड), बाल कलाकार तेजस्वी अधिकारी, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया लगायतका कलाकारको अभिनय छ । त्यस्तै, विदेशी कलाकार एन्ड्रोइन डकन, रेचल मोलेस, पल विकिन्सन लगायतको अभिनय छ ।

# अविनाशको 'ओई काली' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । गायक तथा संगीतकार अविनाश थापा मगरले पहिलो दोहोरी गीत 'ओई काली' सार्वजनिक गरेका छन् । गीतमा थापालाई गायिका मेलिना राईले स्वरमा साथ दिएकी छन् । गीतमा थापा शब्द तथा संगीत रहेको छ । गीतको म्युजिक एरेन्ज पवन वांगले गरेका छन् । मायाप्रेमका विषयलाई उधिनिएको गीतलाई थापाले आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरेका छन् ।

गोसाईकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याफ्रुवेशी, रसुवा बागमती प्रदेश, नेपाल

**आशयपत्र सम्बन्धी सूचना**

प्रकाशित मितिः- २०७७।८।१५

यस गाउँपालिकाको **Construction of Rural Municipal Executive office Building** सम्बन्धी सौर्य दैनिक राष्ट्रिय पत्रिकामा मिति २०७७/०७/३ मा प्रकाशित ***IFB No. GRM/BC/01/2077-078*** को सूचना अनुसार यस कार्यालयमा रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये **यस.क्यू.निर्माण सेवा कालिका-१, रसुवा**को बोलपत्र रु. ६१,७८,८९२/९४ (भ्याट सहित) न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सो सम्बन्धी आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

SANIBHERI RURAL MUNICIPALITY
Office of the Rural Municipal Executive
Simli, Rukum (West)
Karnali Province, Nepal

**Invitation for Sealed Quotation**

First published date: 2077-08-15

1. Sanibheri Rural Municipality simli Rukum West invites Sealed Quotation (Hard copy only) from duly registetered eligible and qualified of bidder for the Procurement of the Goods given in the table below:

| Contract Identification No. | Description | Estimated Amount (With VAT) | Bidding Document cost, NRs. (Non-Refundable) | Bid Security, NRs |
|---|---|---|---|---|
| 02/GOODS/SQ/SRM/077/078 | Procurement of Desktop computer, Printer, Scanner and 4G Wireless Dongle for strengthening VER and SP system of Ward office | NRs. 11,55,000.00 | 1000.00 | 34,600.00 |

2. Bid validity period is 45 days from last date of bid submission for the above contract.
3. Purchase, submission and opening:

| Last date and time of purchase of Bids | | Last date and time of submission of Bids | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2077/08/29 | 16:00 PM | 2077/08/30 | 12:00 PM | 2077/08/30 | 13:00 PM |

4. Information to deposit the cost of Bidding Document in Bank:
Name of Bank: Sunrise Bank, Sanibheri Branch, Rukum (West)
Name of office: Sanibheri Rural Municipality,Rukum (West)
Rajaswa (Internal Revenue) account no: 0770530787703009
5. Bids must be valid for a period of 75 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti account No. 0770530787703004) on behalf of Sanibheri Rural Municipality, Rukum (West) at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal.
6. Sanibheri Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. All other conditions of the bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064.

Chief Administrative Officer

SANIBHERI RURAL MUNICIPALITY

# Office of the Rural Municipal Executive

**Simli (Rukum (West))**

**Karnali Province, Nepal**

## Invitation for Sealed Quotation

**First published date: 2077-08-15**

1.Sanibheri Rural Municipality simli Rukum West invites Sealed Quotation ( Hard copy only ) from duly registetered eligible and qualified of bidder for the Procurement of the Goods given in the table below:

| Contract Identification No. | Description | Estimated amount(With VAT ) | Bidding Document cost, NRs. (Non-Refunable) | Bid Security, NRs |
|---|---|---|---|---|
| **02/GOODS/SQ/SRM/077/078** | **Procurement of Desktop computer, Printer, Scanner and 4G Wireless Dongle for strengthening VER and SP system of Ward office** | **NRs. 11,55,000** | **1000.00** | **34,600.00** |

2. Bid validity period is 45 days from last date of bid submission for the above contract .

3. Purchase, submission and opening :

| Last date and time of purchase of Bids | | Last date and time of submission of Bids | | Opening of Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2077/08/29 | 16:00PM | 2077/08/30 | 12:00PM | 2077/08/30 | 13:00PM |

4. Information to deposit the cost of Bidding Document in Bank:

Name of Bank: **Sunrise Bank, Sanibheri Branch, Rukum (West)**

Name of office: **Sanibheri Rural Municipality , Rukum (West)**

Rajaswa (Internal Revenue) account no: **0770530787703009**

5. Bids must be valid for a period of *75 days* counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti account No. **0770530787703004**) on behalf of Sanibheri Rural Municipality, *Rukum (West)* at Sunrise Bank Limited, Sanibheri Branch, Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal.

6. Sanibheri Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

7.All other conditions of the bidding process will be as per the Public Procurement act 2063 and Public procurement regulation 2064.

Chief Administrative Officer

Bhupal Sin Bista
For Chief Administrative Officer